# आरुघाट गाउँपालिका

# स्थानीय राजपत्र

**भाग : २ खण्ड: ५ संख्या :३**

पारित भएको मितिः २०८०/०४/०५

प्रकाशन मितिः२०८०/०४/०५

**भाग-२**

## शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा एकिकरण कार्यविधि २०८०

# “शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा एकिकरण कार्यविधि २०८० ”

**प्रस्तावना :**

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) को ११ तथा आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ को परिच्छेद २ को दफा ५ तथा परिच्छेद ४ दफा १७ उपदफा ५ को (घ) र (छ) मा भएको व्यवस्था बमोजिम आरुघाट गाउँपालिकाभित्र सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गराउनको लागि तोकिएको मापदण्ड भन्दा कम विद्यार्थी संख्या भएका विद्यालयलाई गाभ्ने, तह घटाउने वा बढाउने तथा शिक्षक दरवन्दी मिलान गर्ने कार्यलाई सुव्यवस्थित गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।*

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम आरुघाट गाउँपालिकाको “**शिक्षक दरबन्दी मिलान, विद्यालय समायोजन तथा एकिकरण कार्यविधि २०८०** ” रहने छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेपश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **गाउँपालिका** भन्नाले आरुघाट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **विद्यालय** भन्नाले आरुघाट गाउँपालिका क्षेत्र भित्र रहने सरकारी अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

(ग) **विद्यालय तह** भन्नाले कक्षा १-३, कक्षा १-५, कक्षा १-८, कक्षा १-१० र कक्षा १-१२ लाई सम्झनु पर्दछ । सबै विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा अनिवार्य हुनेछ ।

घ) **शिक्षक** भन्नाले आरुघाट गाउँपालिका भित्र रहेका सरकारी अनुदानमा सञ्चालित विद्यालयमा अध्यापन गर्ने शिक्षक सम्झनु पर्दछ ।

ङ) **स्थानीय स्रोत शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानमा नियुक्ति भएको शिक्षक सम्झनु पर्दछ ।

च) विद्यालय समायोजन एवं एकिकरण भन्नाले भौगोलिक दुरीका कारण बालबालिकाको पहुचको सुचिश्चितता गरी दुई वा दुईभन्दा वढी विद्यालय वा विद्यालयका तह वा कक्षा आपसमा गाभेर सार्वजनिक विद्यालयमा समायोजन एवं एकिकरण वा स्थापना गर्ने कार्यलाई सम्भनु पर्दछ ।

च) भौगोलिक विकटता भन्नाले दुई वा सो भन्दा बढी विद्यालयहरु विचको पैदल दुरी ३० मिनेट वा २ किलोमिटर भन्दा बढी रहेको भुगोललाई सम्झनु पर्दछ ।

**३. प्राथमिक तहको मापदण्ड :**

**(१) प्राथमिक तह (कक्षा १-५) सञ्चालनका लागि प्रारम्भिक वाल विकास कक्षाका विद्यार्थी संख्या बाहेक देहायका विद्यार्थी संख्या हुनुपर्नेछ ।**

(क) कक्षा १ सम्म सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी ७ जना

(ख) कक्षा २ सम्म सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी १२ जना

(ग) कक्षा ३ सम्म सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी १७ जना

(घ) कक्षा ४ सम्म सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी २२ जना

(ङ) कक्षा ५ सम्म सञ्चालित विद्यालयमा न्यूनतम विद्यार्थी २७ जना

(२) कक्षा १-३ सम्म मात्र सञ्चालन भएका विद्यालयको शिक्षक दरबन्दी देहाय बमोजिम व्यवस्था गरिनेछ ।

(क) न्यूनतम १७ जना सम्म विद्यार्थी रहेको विद्यालयमा २ जना शिक्षकको व्यवस्था गरिनेछ । तोकिएबमोजिमको विद्यार्थी संख्या नभएमा विद्यालय समायोजन गरिनेछ ।

माथि जुनसुकै कुरा लेखिएतापनि भौगोलिक विकटता भएको स्थानमा रहेको विद्यालयको हकमा कक्षा १-३ मा न्यूनतम १२ जना विद्यार्थी भएमा २ जना शिक्षकको व्यवस्थापन गरी कक्षा सञ्चालन गरिनेछ ।

(ख) उपदफा (२) (क) बमोजिम विद्यालय समायोजन गर्दा २ कि.मी. भन्दा बढी हिडेर जानुपर्ने विद्यार्थीहरुका लागि मातृविद्यालयको उच्चतम कक्षा सम्म आवास सुविधाको व्यवस्था गरिनेछ ।

**(३) कक्षा १-५ सम्म मात्र सञ्चालन भएको विद्यालयको शिक्षक दरवन्दीको व्यवस्था देहाय बमोजिम हुनेछन् ।**

(क) न्यूनतम २७ जना विद्यार्थी भएमा ३ शिक्षकको व्यवस्थापन गरिनेछ ।

(ख) न्यूनतम ८८ जना विद्यार्थी भएमा ४ जना शिक्षकको व्यवस्थापन गरिनेछ ।

(ग) न्यूनतम ११० विद्यार्थी भएमा ५ शिक्षकको व्यवस्थापन गरिनेछ ।

(घ) कक्षा ४ र ५ का विद्यार्थीहरुको हकमा ३ कि.मी. भन्दा टाढा हिडेर जानुपर्ने भएमा मातृ विद्यालयमा सञ्चालन भएका कक्षा सम्मका लागि आवासीय सुविधा दिइनेछ ।

(ङ) माथि जुन सुकै कुरा लेखिएको भए तापनि भौगोलिक विकटता भएको स्थानमा कक्षा १-५ मा २० जना वा सो भन्दा वढी भएमा ३ शिक्षक संख्या कायम गरी विद्यालय सञ्चालन गरिनेछ ।

**४. आधारभूत तह (कक्षा ६-८ मात्र) मापदण्ड :**

(क) आधारभूत तह (कक्षा ६-८) चलेका विद्यालयहरुलाई न्युनतम ४ जना विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।

(ख) २० जना भन्दा कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा तह समायोजन गरिनेछ ।

(ग) शिक्षक विद्यार्थीको अनुपात कम्तिमा १ : ३३ हुने गरी शिक्षकको व्यवस्था गरिनेछ ।

**५. मा.वि. तह (कक्षा ९-१०) मापदण्ड :**

(क) माध्यमिक तह (कक्षा ९-१०) चलेका विद्यालयहरुलाई न्युनतम ४ जना विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।

(ख) २० जना भन्दा कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा तह समायोजन गरिनेछ ।

(ग) शिक्षक विद्यार्थीको अनुपात कम्तिमा १ : ३३ हुने गरी शिक्षकको व्यवस्था गरिनेछ ।

**६. मा.वि. तह (कक्षा ११-१२) मापदण्ड :**

(क) माध्यमिक तह (कक्षा ११-१२) चलेका विद्यालयहरुलाई न्युनतम २ जना विषयगत शिक्षकको व्यवस्था गरिनेछ ।

(ख) २० जना भन्दा कम विद्यार्थी भएका विद्यालयलाई नजिकको विद्यालयमा तह समायोजन गरिनेछ ।

(ग) शिक्षक विद्यार्थीको अनुपात कम्तिमा १ : ३३ हुने गरी शिक्षकको व्यवस्था गरिनेछ ।

७. खारेजी तथा बचाउ :

(क) "आरुघाट गाउँपालिका शिक्षक दरवन्दी मिलान तथा विद्यालय गाभ्ने र तह घटाउने वा बढाउने कार्यविधि, २०७६" खारेज हुनेछ ।

(ख) आरुघाट गाउँपालिका शिक्षक दरवन्दी मिलान तथा विद्यालय गाभ्ने र तह घटाउने वा बढाउने कार्यविधि, २०७६, वमोजिम भएका कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

(ग) यस कार्यविधिमा उल्लेख भएका कुनै पनि बुदाँ संघिय कानुनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वत : निश्क्रिय हुनेछ ।

आज्ञाले
टिका बहादुर गोदार
प्रमुख प्रशासकीय अधिकृत